का.जि.प्र.का.द.नं. १००/०५९/६०

❑ वर्ष १९, अंक ३१५
❑ २४ पुस २०७८, शनिबार
❑ 8 January 2022, Saturday
www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/–

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

ई-पत्रिका अनलाइन पढ्नका लागि क्यूआर कोड स्क्यान गर्नुहोला ।



फोक्सुण्डो गाउँपालिका-३ साल्दाङ गाउँ हिउँले सेताम्य । उपल्लो डोल्पामा पर्ने यो गाउँ फोक्सुण्डो गाउँपालिकाको प्रशासकीय केन्द्र हिमपातसँगै बन्द छ । तस्वीरः हेमन्त केसी

# विभाजनपछिको अधिवेशन

विभाजनको पीडाबीच नेकपा एमालेको ६३ जिल्लामा शुक्रबार अधिवेशन शुरु भएको छ । अधिवेशनमा सकेसम्म सर्वसहमतिको प्रयत्न गर्न अध्यक्ष केपी शर्मा ओलीले निर्देशन दिएका छन् ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २३ पुस ।

नेकपा एमालेको ६३ जिल्लामा शुक्रबारदेखि अधिवेशन शुरु भएको छ । एमालेले ७७ भौगोलिक र चार गैरभौगोलिक जिल्ला अधिवेशन शुक्रबार उद्घाटन गर्ने कार्यतालिका बनाएको थियो । तर हिमाली जिल्लाहरुमा हिमपात र चिसो अनि कतिपय जिल्लाहरुको आन्तरिक विवादका कारणले शुक्रबार अधिवेशन शुरु हुन सकेन ।



प्रदेश-२ को सप्तरी बाहेक अन्य जिल्लामा अधिवेशन हुन सकेन । संखुवासभाको जिल्ला अधिवेशन भने अध्यक्ष केपी शर्मा ओलीले रोकेका हुन् । ओली आफै संखुवासभा जाने भएपछि पुस २६ गतेका निम्ति स्थगित गरिएको छ । अन्य हिमाली जिल्लाहरु मनाङ, मुस्ताङ, बझाङ लगायतमा भने चिसोका कारणले अधिवेशन हुन सकेन ।

लुम्बिनी प्रदेशको पूर्वी रुकुम र रोल्पामा पनि अधिवेशन भएन । बाँकी जिल्लाहरुको अधिवेशन भने शुक्रबार एकसाथ शुरु भएको छ । अध्यक्ष ओलीले भर्चुअल माध्यमबाट जिल्ला अधिवेशनको उद्घाटन गरे । यसपटक एमालेको जिल्ला संरचनामा ३३ प्रतिशत महिला अनिवार्य हुनेछन् भने पाँच पदाधिकारीमा एक महिला हुनेछन् ।

अध्यक्ष ओलीले जिल्ला नेतृत्व चयन गर्दा समझदारीको विकल्प अनाउन निर्देशन दिए । "सकेसम्म समझदारीबाट नेतृत्व चयन गर्न आग्रह गर्छु । नभए प्रतिस्पर्धा स्वस्थ हुनुपर्छ", ओलीको निर्देशन थियो । गएको २ भदौमा एमाले विभाजन भएकाले पनि मतदानको विकल्पमा नजान ओलीको निर्देशन थियो । ओलीले गएको मंसिरमा सम्पन्न १०औं महाधिवेशनमा पनि उच्च समझदारीका आधारमा महाधिवेशन प्रतिनिधि चयन गर्न निर्देशन दिएका थिए । एमालेमा अहिले चार धार देखिएको छ । ओली समूहभित्र ईश्वर पोखरेल र विष्णुप्रसाद पौडेलको अलग धार

– बाँकी पृष्ठ २ मा

# २४ जनामा ओमिक्रोन संक्रमण

## सबै अस्पताललाई तयारी अवस्थामा रहन निर्देशन

दक्षिण अफ्रिका भएर फैलिएको कोरोना भाइरसको नयाँ भेरियन्ट ओमिक्रोन नेपालमा २४ जनामा पुष्टि भएको छ । ओमिक्रोन बढ्न सक्ने संभावनाका कारण सरकारले सवै अस्पताललाई तयारी अवस्थामा रहन निर्देशन दिएको छ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २३ पुस ।

दक्षिण छिमेक भारतमा ठूलो संख्यामा देखिएको कोरोना भाइरसको नयाँ भेरियन्ट ओमिक्रोन नेपालमा शुक्रबार २४ जनामा पुष्टि भएको छ । २५० जनामा परीक्षण गर्दा ओमिक्रोनको पुष्टि भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ ।

पुस महिनाभर १,१४६ जनामा गरिएको परीक्षणमा २५० जनामा एस-जिन नेगेटिभ भेटिएको थियो । नेगेटिभ देखिएकाका २४ नमूनाको जिन स्क्रिनिङ गर्दा सबैमा ओमिक्रोन पुष्टि भएको हो ।

ओमिक्रोन भेरियन्ट रोकथाम र नियन्त्रणका निम्ति सरकारले सवै अस्पताललाई तयारी अवस्थामा रहन निर्देशन दिएको छ । "ओमिक्रोनले हुनसक्ने अत्यधिक बिरामीको चापलाई ध्यान दिएरसबै अस्पताललाई तयारी अवस्थामा रहन, उपचारका लागि आवश्यकपर्ने अक्सिजन लगायत अन्य सामग्रीको यथेष्ठ जोहो गर्न र स्वास्थ्यकर्मीलाई तयारी अवस्थामा रहन निर्देशन दिइएको छ" मन्त्रालयका प्रवक्ता डा.संगीताकौशल मिश्राले जारी बक्तव्यमा उल्लेख छ ।

"सीमानाकामा कोभिड-१९ को परीक्षण थप सशक्त बनाउने तथा पोजेटिभ आएका केशलाई आइशोलेसनमा राख्ने व्यवस्था गरिएको छ", मन्त्रालयले भनेको छ । मन्त्रालयले एस-जिन स्क्रिनिङ गर्न वीर, निजामती कर्मचारी, वीरेन्द्र सैनिक, त्रिवि शिक्षण र भेरी अस्पताल र प्रदेश-२ प्रदेश जनस्वास्थ्य प्रयोगशालामा व्यवस्था गरिएको जनाएको छ । ओमिक्रोनकै कारण अत्यधिक कोरोना संक्रमण बढ्ने संभावना रहेकाले सवैलाई सतर्कता अपनाउन मन्त्रालयले आग्रह गरेको छ ।

शुक्रबार ओमिक्रोनसँगै कोरोना संक्रमण पुष्टि हुने संख्या पनि झण्डै दोब्बरले बढेको छ । शुक्रबार ९६८ जनामा संक्रमण पुष्टि भएको मन्त्रालयले जनाएको छ । बिहीबार ५४० जनामा संक्रमण देखिएको थियो । तर एकैदिन झण्डै दोब्बर बढीमा संक्रमण पुष्टि भएको छ ।

शुक्रबार १४,९७१ जनामा परीक्षण गरिएको थियो । ८,२७२ जनाले पीसीआर र ६,६९९ले एन्टीजिन विधिबाट परीक्षण गरिएको

– बाँकी पृष्ठ २ मा

### सुदूरपश्चिम बढाइयो सतर्कता

बैतडी/रासस- सुदूरपश्चिम प्रदेशका जिल्लामा दिनहुँ कोरोना संक्रमितको संख्या बढ्दै गएको छ । भारतको राजधानी दिल्लीमा कोरोनाका नयाँ भेरियन्ट ओमिक्रोन फैलिएसँगै यसको प्रभाव सूदुरपश्चिममा पनि देखिएको हो ।

हाल यहाँका नाकाबाट फर्किने अधिकांशमा कोरोना पुष्टि हुन थालेका स्वास्थ्य निर्देशनालयले जनाएको छ । बिहीबार मात्रै यस प्रदेशमा १२० जनामा संक्रमण पुष्टि भएको छ । यसअघि साताको पहिलो दिन आइतबार पाँच, सोमबार २८, मंगलबार ४० र बुधबार ५५ जनामा कोरोना पुष्टि भएको थियो ।

बैतडीको झुलाघाट, दार्चुलाको पुलघाट, जौलजिवी, कञ्चनपुरको गड्डाचौकी र कैलालीको त्रिनगर नाकाबाट स्वदेश फर्किनेको क्रम बढेको हो । भारतमा दिल्ली, कर्नाटक, गुजरातलगायत सहरमा संक्रमण बढ्न थालेपछि काम छाडेर घर फर्किने नेपालीको सङ्ख्या पनि बढिरहेकाले यहाँ पनि 'ओमिक्रोन'को उच्च जोखिम रहेको जनाइएको छ ।

सीमा नाकामा स्वास्थ्य जाँचमा कडाइ गरिएको छ । सीमानाकामै हेल्थ डेस्क स्थापना गरी एन्टीजेन परीक्षणमार्फत परीक्षणको काम भइरहेको स्वास्थ्य कार्यालय बैतडीका प्रमुख

– बाँकी पृष्ठ २ मा

# संघमा नेतृत्व चयनको लिखित सहमति

**मध्यान्ह संवाददाता**
काठमाडौं, २३ पुस

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको आगामी दुई वर्ष नेतृत्व सहमतिको आधारमा छनोट गर्ने सहमति भएको छ । सहमतिको वातावरण मिलाउन कार्यवाहक अध्यक्ष कमल तामाङको संयोजकत्वमा गठित कार्यदलले लगातार तीन दिनको सक्रियतापछि पाँच प्रमुख राजनीतिक दल निकट व्यवसायीको संस्थागत प्रतिनिधित्व हुने गरी पद बाँडफाँडको निर्णय गरेको छ ।

सहमतिको नेतृत्व छनोट गर्ने विषयमा मोडालिटी तय गर्न संघका कार्यवाहक अध्यक्ष तामाङको संयोजकत्वमा मंगलबार १५ सदस्यीय कार्यदल गठन गरिएको थियो । कार्यदलले नेपाली कांग्रेस निकट नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनले सिफारिस गर्ने व्यवसायीलाई अध्यक्षमा निर्विरोध निर्वाचति गर्ने सहमति गरेको कार्यवाहक अध्यक्ष तामाङले जानकारी दिए । कार्यवाहक अध्यक्ष तामाङले अन्य पदमा पनि सहमति जुटेको तर त्यसको आधिकारिक जानकारी आगामी सोमबार मात्र दिने बताए ।

बैठकमा सहभागी एक सदस्यले दिएको जानकारी अनुसार संघमा गरिएको माइन्युट अनुसार संघको २१ सदस्यीय कार्यसमितिमा एसोसिएसनले अध्यक्ष, दई पदाधिकारी र पाँच सदस्य पाएको छ । प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालले प्रथम उपाध्यक्षसहित तीन सदस्य, वैदेशिक रोजगार व्यवसायी गणतन्त्रिक मञ्चले द्वितीय उपाध्यक्ष र दुई सदस्य, एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठनले महासचिव र तीन सदस्य तथा समाजवादी वैदेशिक रोजगार व्यवसायी संघले तृतीय उपाध्यक्ष र एक सदस्य पाएका छन् ।

संघका कार्यवाहक अध्यक्ष तामाङ नेतृत्वको संयोजकत्वमा बसेको बैठकमा संघका पूर्व अध्यक्ष दिल प्रसाद पोखरेल, प्रेमबहादुर कटुवाल, तिलकबहादुर रानाभाट, बिमल ढकाल, निवर्तमान अध्यक्ष रोहन गुरूङ, एसोसिएसन अध्यक्ष नरेन्द्र प्रसाद ढकाल, पूर्व अध्यक्ष प्रज्ञान न्यौपाने, किरण किशोर घिमिरे, प्रगतिशील मञ्चका कार्यवाहक अध्यक्ष राजेन्द्र भण्डारी र पूर्व अध्यक्ष नरेश गेलाल, गणतन्त्रिक मञ्चका उपाध्यक्षद्वय धनलाल जैशी र परमेश्वर अधिकारी, एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठनका बरिष्ठ उपाध्यक्ष वाईबि राई र समाजवादी वैदेशिक रोजगार व्यवसायी संघका प्रेम थापासहित वरिष्ठ व्यवसायी नवराज केसी, कार्यदलका कानूनी सल्लाहकार अधिवक्ता देवराज कटुवाल र सदस्य सचिव मेघनाथ भुर्तेल लयायतका व्यवसायी उपस्थित थिए ।

बैठकले 'वैदेशिक रोजगार व्यवसायको वर्तमान विशिष्ट परिस्थितिलाई मध्यनजर राखी गरिएको सहमतिको निर्णयका विरूद्धमा हामी उपस्थित संस्थाका सदस्य रहेका व्यक्तिले उम्मेदवारी दिएमा वा मतदान गर्नुपर्ने अवस्था आएमा सम्बन्धित संस्थाले जिम्मेवारी लिई कारबाही गर्ने र गरिएको निर्णयलाई कठोरतपूर्वक कार्यान्वयन गर्ने' निर्णय गरेको छ ।

कार्यदलका सदस्य सचिव मेघनाथ भुर्तेलले सहमति भएपनि कार्यवाहक अध्यक्ष तामाङ नेतृत्वको कार्यदल संघको निर्वाचन नभएसम्म कायमै रहने र सहमति विपरीत हुने गरी कसैले उम्मेद्वारी दिएमा त्यसको खण्डन र समाधान खोज्ने गरी क्रियाशील रहने जानकारी दिए ।

बैठकमा कार्यवाहक अध्यक्ष तामाङले सहमतिको नेतृत्व कायम गर्ने निर्णय गरेर पूर्व अध्यक्ष र अग्रज व्यवसायीहरूले कोरोना भाइरस संक्रमणका कारण समस्यामा रहेका व्यवसायीहरूको आत्मबल बढाउन र व्यवसायी एकताको सन्देश प्रवाह गर्न महत्तवपूर्ण भूमिका निर्वाह गरेको

– बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

### अध्यक्षमा उम्मेद्वारी दिन ५ लाख शुल्क

**काठमाडौं/मस-** सहमतिमा संघको नेतृत्व चयन गर्ने प्रक्रिया अघि बढाएको नेपाल वैदेशिक रोजगार व्यवसायी संघले अध्यक्षको उम्मेदवारका लागि पाँच लाख रूपैयाँ मनोनयन शुल्क तोकेको छ । उपाध्यक्ष र महासचिवका लागि ३ लाख, सचिव र कोषाध्यक्षका लागि दुई/दुई लाख र सदस्यका लागि एक लाख मनोनयन शुल्क तोकिएको छ ।

अघिल्ला निर्वाचनमा जस्तो उम्मेद्वारले प्रचार प्रसार गर्न नपर्ने भएकोले संघको कोष बलियो बनाउन मनोनयन खर्च बढाएर तोकिएको बताइएको छ । ६ सय ५४ सदस्यीय संघमा शुक्रबारसम्म करिब पाँच सय व्यवसायीले प्रतिनिधि पठाएका छन् । शनिबार पनि कार्यालय खुला राखी व्यवसायीले बुझाउने लेभी लिने र प्रतिनिधि दर्ता गरिने संघले बताएको छ ।

## गठबन्धनको निर्णय

# गतिरोध हटाउन थप पहल

**मध्यान्ह सम्वाददाता**
काठमाडौं, २३ पुस ।

नेकपा एमालेको संसद् अवरोध हटाउन प्रधानमन्त्री शेरबहादुर देउवाले शुक्रबार गठबन्धन दलहरुको बैठक राखेका छन् । प्रधानमन्त्री देउवाले बिहीबार राष्ट्रपति विद्यादेवी भण्डारीसँग भेटवार्ता गरेका थिए । भेटका क्रममा प्रधानमन्त्री देउवाले संसदको गतिरोध हल गर्न भूमिका खेलिदिन आग्रह गरेका थिए । राष्ट्रिय समस्या देखिए राष्ट्रपति दलहरुलाई बोलाउन सक्नेछन् ।

बुधबार नेपाली काँग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले एमालेका अध्यक्ष केपी शर्मा ओलीसँग भेटेका थिए । ओलीलाई भेट्न उनकै निवास बालकोट पुगेर पौडेलले गतिरोध हटाउन आग्रह गरेका थिए । तर ओलीले सकारात्मक संकेत दिएनन् ।

तर प्रधानमन्त्री देउवाले गठबन्धनका नेताहरुसँग संघीय संसदको गतिरोध हटाउनेबारे छलफल राखेका छन् । नेकपा एकीकृत समाजवादीका महासचिव वेदुराम भुसालले संसद् अवरोध हटाउने बारे छलफल भएको बताए । सत्तारुढ पाँच दलीय गठबन्धन दलका शीर्ष नेताको प्रधानमन्त्री निवासमा शुक्रबार बैठक बसेको थियो ।

बैठकले संसद्को गतिरोध अन्त्य गर्न प्रधानमन्त्री देउवाले थप पहल गर्नुपर्ने निष्कर्ष निकालेको भुसालले बताए । बैठकमा नेताहरुले प्रधानमन्त्री देउवालाई एमाले अध्यक्ष ओलीसँग संसद् गतिरोध अन्त्य गर्ने सम्बन्धमा संवाद गर्न सुझाएको उनले बताए ।

एमाले अध्यक्ष ओलीसँगको संवादपछि हुने प्रतिक्रिया बारे गठबन्धन दलको बैठकमा थप छलफल गरेर अघि बढ्ने बैठकमा सहमति भएको छ । एमालेले आफ्ना केही माग राखेर संसद्को चालु अधिवेशनको प्रारम्भदेखि नै संसद बैठक अवरुद्ध गर्दै आएको छ ।

बैठकमा राष्ट्रियसभा सदस्य निर्वाचनमा गठबन्धनका उम्मेदवारलाई विजयी गराउने सम्बन्धमा समेत छलफल भएको थियो । आगामी माघ १२ गते

– बाँकी पृष्ठ २ मा



कैलालीसँगै सिमाना जोडिएको कञ्चनपुरको गौरीफन्टा सिमानाका नजिकै रहेको हेल्थडेस्कमा शुक्रबार कोरोना परीक्षणका लागि नाम दर्ता गराउँदै भारतका विभिन्न शहरबाट आएका नेपाली । तस्वीर : रासस

# ‘ओमिक्रोन’को संक्रमण बढ्न नदिन उच्च सतर्कता अपनाउनू: प्रधानमन्त्री

**काठमाडौं/मस**-प्रधानमन्त्री शेरबहादुर देउवाले कोरोना भाइरसको सम्भावित तेस्रो लहरको संक्रमण रोक्न निर्देशन दिएका छन्।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा शुक्रबार आयोजित कोभिड-१९ निर्देशक समितिको बैठकलाई सम्बोधन गर्दै उनले सरकारका मन्त्री, मुख्यसचिव र सचिवलाई सम्भावित तेस्रो लहरको संक्रमण रोक्न आवश्यक कदम चाल्न निर्देशन दिएका हुन् । बुस्टर डोज र भारतसँग रहेको खुला नाकामा होल्डिङ सेन्टर स्थापनालाई प्राथमिकता दिनुपर्ने पनि उनको भनाइ छ ।

यही पुस २२ गते ५४० मा पुष्टि भएको कोरोना भाइरस संक्रमण शुक्रबार एकैदिन ९६८ जनामा पुष्टि भएको छ । भारतको पन्जाव, गुजरात, उत्तरप्रदेश, बिहारलगायत प्रदेशमा संक्रमणको तेस्रो लहर फैलिसकेको छ । तेस्रो लहर फैलिन नदिनु सरकारको प्रमुख प्राथमिकता भएको उल्लेख गर्दै प्रधानमन्त्री देउवाले संक्रमण फैलिन नदिन जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न निर्देशन गरे ।

सीमामा तेस्रो लहरको संक्रमणको चुनौति रहेकाले सीमा नाकामा कोरोना भाइरसको परीक्षण दर बढाउन पनि उनल निर्देशन दिए। प्रधानमन्त्री देउवाले भारतसँग सीमा जोडिएका नाकामा होल्डिङ सेन्टर पनि चाँडै स्थापना गर्न निर्देशन दिए ।

उनले भने, ‘भारत सीमाबाट आएका सबै व्यक्तिलाई परीक्षण गर्नुपर्दछ । परीक्षण गर्दा संक्रमण भेटिए आइसोलेशन र होल्डिङ सेन्टरमा राखेर उपचार गर्नुपर्दछ ।’ उनले तेस्रो लहरको ओमिक्रोन भेरियन्ट छिटो फैलिने भएकाले खतरा रहेको र समयमै रोकथाम र नियन्त्रणका लागि आवश्यक काममा लाग्नुपर्नेमा जोड दिए ।

प्रधानमन्त्री देउवाले बुस्टर डोज लगाएपछि तेस्रो लहरको खतरा कम हुने भएकाले सबैलाई बुस्टर डोज लगाउने गरी व्यवस्थापनसमेत गर्न पनि निर्देशन दिए ।



कोरोनको तेस्रो लहरको सम्भावित जोखिम हुन नदिनका लागि अस्पतालमा अक्सिजन र शैय्याको व्यवस्थापन गर्न आग्रह गर्दै उनले नागरिकलाई बचाउनु सरकारको कर्तव्य भएको बताए ।

प्रधानमन्त्री देउवाले सबैको सहयोगले सम्भावित तेस्रो लहरलाई नियन्त्रण गर्न सकिने विश्वास व्यक्त गरे । उनले भने, ‘ अक्सिजन नै नपाएर मानिस मर्नु हुन्न ।

त्यसैले सबै मिलेर कोरोना भाइरस नियन्त्रण र रोकथामका लागि युद्धस्तरमा काम गर्नुपर्दछ ।’ बैठकमा गृहमन्त्री बालकृष्ण खाँणले सीमा नाकामा चाँडै नै होल्डिङ सेन्टर निर्माण गर्नेतर्फ लाग्नुपर्ने बताए ।

संक्रमितको पहिचान गरी आइसोलेशनमा राख्नुपर्ने उनले बताए । सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रवहादुर कार्कीले विगतको अनुभवलाई लिएर उच्च सतर्कता नअपनाए ठूलो संकट व्यहोर्नु पर्ने भन्दै चाँडै नै सम्भावित तेस्रो लहरको रोकथाम र नियन्त्रणको उच्च तयारीमा लाग्नुपर्ने बताए।

उनले खोप अभियानलाई तीव्रता दिनुपर्ने भन्दै खोप समयमा नै दिन नसके अकल्पनीय दुर्घटना व्यहोर्नुपर्नेतर्फ सचेत रहनुपर्ने बताए।

स्वास्थ्य तथा जनसंख्यामन्त्री विरोध खतिवडाले ओमिक्रोन भेरियन्टको रोकथाम र नियन्त्रणका लागि मन्त्रालयले काम गरिरहेको बताए । उनले ओमिक्रोन भेरियन्टबाट ठूलै डर सिर्जना हुने नठानेर पहिलेको अनुभवबाट नै नियन्त्रण गर्न सकिने धारणा राखे । उनले अहिले तेस्रो लहरको हल्लासँगै खोप लगाउनेको संख्या पनि बढेको भन्दै खोप लगाउनका लागि अभियान नै सञ्चालन गर्ने बताए। शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलले शैक्षिक संस्था, पार्टी प्यालेस र भीडभाड हुने ठाउँमा सतर्कता अपनाउन आवश्यक रहेको बताए । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री प्रेम आलेले विमानस्थलको आगमन र प्रस्थान दुवै ठाउँमा पीसीआर परीक्षण गरेर मात्रा यात्रुलाई चढाउनुपर्ने व्यवस्था गर्नुपर्ने बताए ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री शशी श्रेष्ठले नेपालबाहिरबाट आएका संक्रमितलाई होल्डिङ सेन्टरमा राख्नुपर्ने बताइन् । उनले विगतमा अक्सिजन नपाएर धेरै मानिसले ज्यान गुमाउनुपरेको भन्दै अक्सिजनको व्यवस्थापन प्रर्याप्त गर्नुपर्ने बताइन् । खानेपानीमन्त्री उमाकान्त चौधरीले गाउँगाउँमा खोप अभियान सञ्चालन गरेर सबैलाई खोप लगाउनुपर्ने बताए ।

परीक्षणको दायरा बढाउँदै आइसोलेशन र होल्डिङ सेन्टर जतिसक्दो चाँडो निर्माण गर्नुपर्ने उनले बताए ।

श्रम, रोजगार तथा सामाजिक विकासमन्त्री किसान श्रेष्ठले राजनीतिक दलका आमसभा, भीडभाड हुने कार्यक्रम र सार्वजनिक कार्यक्रम रोक्नुपर्ने बताए ।

युवा तथा खेलकुदमन्त्री महेश्वर गहतराजले स्वास्थ्यका मापदण्ड पालना गर्नमा लापरवाही बढिरहेकाले जनचेतना जगाएर स्वास्थ्यका मापदण्ड पालनामा कडाइ गर्नुपर्ने बताए । उनले होल्डिङ सेन्टरको निर्माण द्रुतगतिबाट गर्नुपर्ने र सीमाको आवतजाउमा कडाइ गर्नुपर्ने बताए ।

कार्यक्रममा मुख्यसचिव शंकरदास बैरागीले विगत र छिमेकी देशको अनुभवलाई हेरेर सम्भावित जोखिम हुन नदिने उपाय अपनाउनुपर्ने बताए । उनले जतिसक्दो सबै नागरिकलाई खोप दिनुपर्ने भन्दै खोपका लागि आवश्यक सिरिन्ज कहाँबाट चाँडै पाइन्छ त्यहीँबाट ल्याउनुपर्नेमा जोड दिए ।

कोरोनाको दोस्रो लहरमा स्थानीय र प्रदेश तहले राम्रोसँग काम नगरेकाले कुनै संयन्त्र बनाएर स्थानीय र प्रदेश तहलाई सम्भावित तेस्रो लहरको रोकथाम र नियन्त्रणमा जिम्मेवार बनाउनुपर्ने उनको भनाइ छ ।

अर्थमन्त्रालयका सचिव मधुकुमार मरासिनीले होल्डिङ सेन्टर स्थापनाका लागि बजेट अभाव हुन नदिने बताए ।

स्वास्थ्य मन्त्रालयका सचिव डा.रोशन पोखरेलले तेस्रो लहरको जोखिम बढेकाले भीडभाड हुने ठाउँमा सतर्कता अपनाउनुपर्ने बताए । उनले यही महिनाभित्र स्थानीय तहसँगको सहकार्यमा खोप अभियानलाई तीव्रता दिइँदै सबैलाई खोप लगाउने जानकारी दिए । दिनप्रतिदिन संक्रमितको संख्या बढिरहेकाले सीमा नाकामा परीक्षणको दायरा बढाइएको पनि उनले बताए । सम्भावित तेस्रो लहरको संक्रमण रोकथाम र नियन्त्रणका लागि पाँचौं कोभिड-१९ स्वास्थ्य द्रुत कार्ययोजना बनाइरहेको उनले जानकारी दिए। नेपाली सेनाका उपरथी डा.अरुण न्यौपाने र सेनानी राजीवमोहन झाले सम्भावित तेस्रो लहरको नियन्त्रण तथा रोकथाममा नेपाली सेनाले खेल्ने सक्ने भूमिकाबारे प्रस्तुती प्रस्तुत गरेका थिए ।

# शीतलहरले जनजीवन कष्टकर

**कपिलवस्तु/मस**-कपिलवस्तुमा शीतलहर बढ्न थालेपछि जनजीवन कष्टकर बन्दै गएको छ । शीतलहर बढ्न थालेपछि सर्वसाधारणलाई निःशुल्क दाउरा वितरण गर्न शुरु गरिएको छ । कपिलवस्तु साझेदारी वन व्यवस्थापन समितिले जिल्लाका विभिन्न स्थानमा दाउरा वितरण गर्न शुरु गरेको हो । शीतलहरमा गरिब तथा ज्येष्ठ नागरिकलाई सहज होस् भनेर दाउरा वितरण गरेको समितिका अध्यक्ष गंगेशनाथ तिवारीले बताए ।



गरिब, विपन्न तथा ज्येष्ठ नागरिकको सम्मान पनि हुने र चिसोबाट बचाउन घरपरिवारलाई पनि सजिलो हुने भएकाले निःशुल्क दाउरा वितरण गर्ने कार्यक्रम ल्याएका हौं,। उनले भने, ‘ अघिल्लो वर्ष चोकचोकमा दाउरा वितरण गरेका थियौं’ । जिल्लाका विभिन्न पालिका, वडा कार्यालय, स्वास्थ्य कार्यालयलगायत करिब तीन दर्जन स्थानमा दाउरा वितरण गरिएको छ । प्रत्येक स्थानमा दुई क्विन्टलभन्दा बढी दाउरा वितरण गरिएको अध्यक्ष तिवारीले बताए ।

शीतलहर बढेर चिसोको प्रभाव बढेपछि कपिलवस्तु साझेदारी वन व्यवस्थापन समितिले कपिलवस्तुको महाराजगञ्ज बजार, गैडहवा चोक, चन्द्रौटाको समिति चोक, खरेन्द्रपुर, थुन्हिया, मानपुर, चनई बडेगावसहितका स्थानमा दाउरा वितरण गरिएको छ । वृद्धवृद्धा तथा ज्येष्ठ नागरिक र साना बालबालिका लागि आगो ताप्न दाउरा वितरण गरिएको बताइएको छ । बुधबार र बिहीबार विभिन्न चोकमा दाउरा बालेर ताप्नका लागि निःशुल्क वितरण गरिएको कपिलवस्तु साझेदारी वन व्यवस्थापन समिति सहायक वन अधिकृत एजाज अन्सारीले बताए ।

यस्तै, गरिब बस्तीमा समेत आगो ताप्न दाउराको व्यवस्था गर्न लागिएको उनले जानकारी दिए । चिसोबाट बच्न ज्येष्ठ नागरिकका लागि आगो ताप्ने व्यवस्था गर्न आवश्यक स्थानमा दाउरा वितरण कार्य जारी रहेको समितिले जनाएको छ । दाउरा घरमै पाएपछि गरिब, विपन्न तथा ज्येष्ठ नागरिक खुसी भएका छन् । स्थानीयवासी बदरु रैदासले साझेदारी तथा सामुदायिक वनले गरिब, विपन्न तथा ज्येष्ठ नागरिकका समस्या बुझेको बताए । चिसो बढेको छ । ‘यो समयमा वनले घरमै दाउरा ल्याइदियो’, उनले भने, अब आगो तापेर बस्न पाइने भयो ।’


**सैनामैना नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बुद्धनगर, रुपन्देही**
**लुम्बिनी प्रदेश, नेपाल**

**कंचन, बन्द्रहा, इंगुरिया र तुल्बुलिया खोलाको बगर क्षेत्रबाट नदीजन्य पदार्थको उत्खनन् तथा संकलन कार्यको वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना**

**(प्रकाशित मितिः२०७८/०९/२४)**

लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला, सैनामैना नगरपालिकाद्वारा देहाय बमेजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | श्री सैनामैना नगरपालिका, नगर कार्यपालिकाको कार्यालय<br>बुद्धनगर, रुपन्देही, लुम्बिनी प्रदेश<br>ईमेलः **sainamainamunicipality@gmail.com**<br>फोन नं. ०७१-४४०५५३ |
| **प्रस्तावको व्यहोरा** | सैनामैना नगरपालिकाको कंचन, बन्द्रहा, इंगुरिया र तुल्बुलिया खोलाको बगर क्षेत्रबाट दिगो तथा वातावरण मैत्री रुपमा ढुङ्गा, गिट्टी तथा बालुवाको संकलन तथा उत्खनन् कार्य |
| **प्रभाव पर्न सक्ने क्षेत्र** | रुपन्देही जिल्ला, सैनामैना नगरपालिका/वडा नं. २, ३, ५, ६, ८, ९ र ११ |

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको जैविक तथा पारिस्थितिकीय प्रणाली, प्राकृतिक तथा भौतिक प्रणाली, सामाजिक तथा आर्थिक प्रणाली र साँस्कृतिक प्रणालीहरु बीच के कस्तो सकारात्मक तथा नकारात्मक प्रभाव पर्दछ भनी यकिन गर्न सैनामैना नगरपालिका २, ३, ५, ६, ८, ९ र ११ नं वडा समिति, विद्यालय, स्वास्थ्य संस्था तथा सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिन भित्र देहायमा उल्लिखित ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | श्री सैनामैना नगरपालिका, बुद्धनगर, रुपन्देही, लुम्बिनी प्रदेश<br>sainamainamunicipality@gmail.com, फोन नं. ०७१-४४०५५३ |
| **परामर्शदाताको नाम र ठेगाना** | अधिका कन्सल्टेन्सी प्रा. लि. नयाँ बानेश्वर, काठमाडौं,<br>adhikaconsultancy@gmail.com, फोन नं. ९८४१३०४०३३ |


**२४ जनामा...**
मन्त्रालयले जनाएको छ । तर निको हुने संख्या भने २६२ मात्रै छ । शुक्रबार सहित ८,१३,७०९ संक्रमितलाई निको भएको छ । निको हुनेदर ९७.९ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ । नेपालमा पीसीआर विधिबाट कोरोना परीक्षण गरिँदा ८,३१,०५२ र एन्टीजेन विधिबाट परीक्षण गरिँदा ९६,८४१ संक्रमित भएको मन्त्रालयले जनाएको छ ।

कोभिड बिरुद्ध खोप लगाउने संख्या पछिल्लो २४ घण्टामा दुई लाख ६३ हजार ३७१ छ । सक्रिय संक्रमितको संख्या भने ५,७४१ छ । पहिलो र दोस्रो लहरको संक्रमणबाट नेपालमा ११,६०२ जनाको मृत्यु भएको छ ।

**सुदूरपश्चिम...**
योगेशप्रसाद भट्टले जानकारी दिए । “जोखिम रोक्नका लागि सीमामै परीक्षण गर्ने गरिएको र पोजेटिभ आएकालाई होम आइसोलेसन राख्ने गरिएको छ”, भट्टले भने ।

**विभाजनपछिको....**
विकसित भएको छ । १० बुँदे सहमति गरेर माधव नेपालको पार्टीमा नगएका र माओवादीबाट आएका नेताहरुको एमाले संयुक्त मोर्चा बन्न पुगेको छ । यो मोर्चाबीच तिक्तता बढ्न नदिन ओलीले सहमतिको निर्देशन दिएका हुन् ।

अन्य नेताहरुले भने एमालेको प्रशंसा र अन्य दललाई चेतावनीको भाषा बोलेका थिए । वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले एमाले थप शक्तिशाली र ऊर्जावान पार्टी भएर अगाडि बढ्ने विश्वास व्यक्त गरे । “एमाले अबको तीन तहको चुनावपछि मुलुकको सबैभन्दा ठूलो, शक्तिशाली पार्टी बनेर उदाउने छ, एमालेको विकास र समृद्धिको अभियानलाई फेरी अगाडि बढाउने छ”, पोखरेलले भने । एमाले पोलिटव्यूरो सदस्य तथा पूर्वमन्त्री महेश बस्नेतले केपी ओलीले सरकारको नेतृत्व गरेको बेलामा भक्तपुरको विकासले गति लिएको दावी गरे ।

उपाध्यक्ष विष्णुप्रसाद पौडेलले पार्टीलाई बलियो बनाउने गरी काम गर्न जिल्ला नेतृत्व र कार्यकर्तालाई सुझाव दिए । एमालेलाई कमजोर पार्ने षडयन्त्र सफल हुन नदिने मुख्य अभिभारा पूरा गर्न वडा, नगर र क्षेत्रमा फैलिन आग्रह गरे ।

महासचिव शंकर पोखरेलले ओली नेतृत्वको सरकारले विकास र समृद्धिमा सफलता हासिल गरेको दावी गरे । पोखरेलले ओली नेतृत्वको साढे तीन वर्षे सरकारले देशभरमा सडक, पुलको निर्माणमा उल्लेखीय काम गरेको र रेल निर्माणका लागि महत्वपूर्ण सम्झौता गरेको तर्क गरे ।

**संघमा....**
टिप्पणी गरे । उनले संघका लागि समय दिएर खट्न सक्ने, आफ्नो र आफ्नो संस्थाका लागि व्यक्तिगत लोभ नराख्ने व्यवसायीलाई सिफारिस गरी पठाउन पनि आग्रह गरे ।

पूर्व अध्यक्ष पोखरेलले सहमतिमा नेतृत्व छान्ने विषय आम व्यवसायीको अन्तरहृदयको आवाज र आवश्यकता रहेको भन्दै सहमतिमा जान सबैलाई आग्रह गरे । उनले भने, ‘ व्यवसायीको इज्जत बढ्यो र वैदेशिक रोजगार क्षेत्रका समस्या समाधान भएमा सबै व्यवसायीको जित हुनेछ, आज एक दुई सिट यताउता भयो भनेर कुनैपनि संगठन वा व्यवसायीले चित्त दुखाउनु हुँदैन ।’

**गठबन्धनको....**
हुने राष्ट्रियसभा सदस्य निर्वाचनमा गठबन्धन दलले साझा उम्मेदवार तय गरी उम्मेदवारको मनोनयनपत्र दर्ता गराइसकेका छन् ।

बैठकमा कांग्रेस, नेकपा माओवादी केन्द्र, एकीकृत समाजवादी, जनता समाजवादी पार्टी नेपाल, राष्ट्रिय जनमोर्चाका शीर्ष नेता सहभागी थिए ।


**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७३/१२/३० मा दर्ता भएको **प्रा.लि. नं. १६७०२६** को **राम जानकी कम्प्युटर प्रा.लि.** को मिति २०७८/०९/२३ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ ।
**लिक्विडेटर: शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७,**
**ठेगाना : बबरमहल, काठमाडौं, फोन नं. ९८४१३४०४०३**
**ईमेल** : rokayasherbahadur723@gmail.com

**SAUDI मा रोजगार** | कम्पनी: **FUN AL TAMIZ TO PROVIDE MEALS EST**
शहर: **SAUDI**

पूर्व स्वीकृत मितिः २०७८/०९/२३ चलानी नं.: ६०१७२२७५ LT. No.: 255657

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | SR | ने. रु. | | | | | | | |
| 1. | Restaurant Worker | 5 | 0 | स. काममा दक्ष | 1200 | ३८,०१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ माघ १ गते (15 January 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**A.N.S. ASSOCIATES PVT. LTD.**
Dhumbrahi-4, Kathmandu, Nepal | Phone No. 01-5178472 / 5178424
Mobile No.: 9851119764 / 9851089179
E-mail : anspasang8125@gmail.com | Website : www.ansassociates.com.np
Govt. Lic. no.: 473/060/61

# संग्रहालय परिसरका संरचना भत्काउन थालियो

**काठमाडौं/मस–** नारायणहिटी दरबार संग्रहालयभित्र रेष्टुरेन्टका लागि निर्माण गरिन लागेका संरचना भत्काउन शुरु गरिएको छ ।

रेष्टुरेन्टका लागि बतास समूहले बनाउँदै गरेको संरचना भत्काउन सुरु गरिएको नारायणहिटी दरबार संग्रहालय विकास समिति कार्यकारी निर्देशक भेषनारायण दाहालले जानकारी दिए ।

शुक्रबारदेखि अधिकांश संरचना भत्काइएको छ भने केही भत्काउने तयारीमा रहेका छन् ।

क्यान्टिन तथा रेस्टुरेन्ट सञ्चालनका लागि बतास समूहले संरचना बनाउन थालेपछि चौतर्फी विरोध सुरु भएको थियो । संस्कृति, पर्यटन



तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आलेको निर्देशनमा मन्त्रालयले सहसचिव होमप्रसाद लुईंटेलको संयोजकत्वमा नारायणहिटी दरबार संग्रहालयभित्र रेष्टुरेन्टलगायतका व्यवसाय गर्न बतास समूहलाई दिने हालसम्मका निर्णय प्रक्रियाको छानबिनका लागि एक छानबिन समिति गठन भएको छ । समितिले शुक्रबारदेखि आफ्नो काम सुरु गरेको उक्त समितिका सदस्य तथा कर्मचारी प्रशासन शाखाका उपसचिव टेकनारायण पौडेलले बताए ।

समितिले ती विवादित संरचना भत्काउनका लागि १२ जना कामदार खटाएको जनाएको छ । समितिले संग्राहालयको १० रोपनी जमिनमा रेस्टुरेन्ट व्यवसाय सञ्चालन गर्न बतास कम्पनीसँग सम्झौता गरेको थियो । पुरातात्विक क्षेत्र मानिएको नारायणहिटी दरबार संग्रहालयभित्र रेस्टुरेन्ट बन्दै गरेको समाचार बाहिरिएसँगै चौतर्फी आलोचना भएको छ ।

# 'लिभिङ टुगेदर'मा बस्दै आएका युवक युवतीको मृत्यु

**काठमाडौं/मस–** काठमाडौं महानगरपालिका-६ कपनमा 'लिभिङ टुगेदर'मा बस्दै आएका दुई जनाको रहस्यमय रुपमा मृत्यु भएको छ ।



खोटाङ शाक्ला गाउँपालिका-५ घर भएकी २२ वर्षीया युशिना राई गएराति कोठामा मृत अवस्थामा फेला परेका र उनीसँगै बस्ने संखुवासभा घर भएका २५ वर्षीय अनिष जिमीको उपचारको क्रममा मृत्यु भएको छ। उनीहरु पब्जी खेलबाट चिनाजान भएको हुँदा झण्डै एक महिनादेखिसँगै बस्दै आएका थिए । आफन्तको घरमा बसेका उनीहरु चिच्याएको आवाज सुनिएपछि राति कोठामा हेर्दा गम्भिर अवस्थामा फेला परेको परिवारले जनाएको छ ।

प्रहरीकोमा राति १२:४५ बजे घटनाबारे जानकारी आएको र तत्कालै प्रहरी परिचालन गरिएको महानगरीय प्रहरी परिसरका प्रवक्ता प्रहरी उपरीक्षक दिनेशराज मैनालीले जानकारी दिए । प्रहरीले पब्जी खेलकै कारण घटना घटेको आशां गरेको छ । घटनाको अनुसन्धान भइरहेको उनले जानकारी दिए । शरिरमा रगत लतपतिएको र चक्कुले हानेको घाउ छ । यसैगरी काठमाडौंको चन्द्रागिरी नगरपालिका-१ दहचोक बस्ने मोरङका २५ वर्षीय दिपक रिसिदेव थानकोट-चितलाङको भीरमा मृत भेटिएका छन् । मकवानपुरको थाहा नगरपालिका-९ चित्लाङबाट पुस १६ मा वेपत्ता भएका उनको महानगरीय प्रहरी वृत्त थानकोटबाट खटिएको प्रहरीले शव फेला पारेको हो ।

# शान्ति समाजको राष्ट्रिय परिषद् बैठक कपिलवस्तुमा

**काठमाडौं/मस–** मानवअधिकार तथा शान्ति समाजको २४ औं राष्ट्रिय परिषद् बैठक एवं वार्षिक साधारणसभा आगामी माघ २१ र २२ गते कपिलवस्तुमा हुने भएको छ ।

शान्ति समाज कपिलवस्तु शाखाको आतिथ्यतामा जितपुर-४ मा परिषद् बैठक आयोजना हुन लागेको सभापति गोविन्द खनालले बताए ।

'गुणस्तरीय स्वास्थ्य सेवा र वैज्ञानिक शिक्षा : सबैको अधिकार' भन्ने मूल आह्वानसहित परिषद् बैठक सम्पन्न हुन लागेको हो ।

राष्ट्रिय परिषद् बैठक आयोजनाका लागि शान्ति समाज कपिलवस्तु शाखा सभापति गोविन्द पोखेलको संयोजकत्वमा मूल तयारी समिति र विभिन्न उपसमिति गठन भएको छ । राष्ट्रिय परिषद् समाजको सर्वोच्च नीति निर्णायक अंग हो ।

# अनलाइनमार्फत गैरकानुनी कार्य भए कारवाही



**काठमाडौं/मस–**गृह मन्त्रालयले आर्थिक लाभ पुऱ्याउने प्रलोभनमा पछिल्लो समयमा अनलाइनमार्फत विभिन्न स्वरुपका गैरकानुनी कार्य फष्टाएको भन्दै यस्ता कार्य गरेको पाइएमा कारबाही गरिने चेतावनी दिएको छ ।

यस्ता क्रियाकलापबाट ठगी र असुरक्षाको वातावरण सिर्जना भएको गुनासो प्राप्त भएका जनाउँदै मन्त्रालयले सचेत हुन पनि नागरिकलाई आग्रह गरेको छ। मन्त्रालयका प्रवक्ता प्रदीपकुमार कोइरालाद्धारा जारी विज्ञप्तिमा गाउँ/समाजमा नेटवर्किङ व्यवसाय, अनलाइन व्यवसाय, अनलाइन बैंकिङ, अनलाइन सहकारी, बीमा, गेमिङजस्ता गैरकानुनी कार्य फष्टाउँदै गएकाले इजाजत प्राप्त बाहेकका क्रियाकलापको निगरानी र नियन्त्रणको कार्य जारी रहेको जनाइएको छ ।

सूचना प्रविधिको विकाससँगै पछिल्लो समयमा इजाजत नलिइ अनलाइन वा विद्युतीय कारोबारका नाममा यस्ता गतिविधि भइरहेको पनि मन्त्रालयले जनाएको छ ।

# पशुपति मैत्री धर्मशालाका विषयमा छानबिन गर्न समिति गठन

**काठमाडौं/मस–** संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आलेको निर्देशनमा मन्त्रालयले पशुपति क्षेत्र विकास कोषका कोषाध्यक्ष नारायणप्रसाद सुवेदीको संयोजकत्वमा एक छानबिन समिति गठन गरेको छ ।

नेपाल-भारत पशुपति मैत्री धर्मशाला सम्बन्धमा छानबिनका लागि उक्त समिति गठन गरिएको हो ।

पाँच सदस्यीय उक्त समितिका सदस्यमा परिषद सदस्य आशा पाण्डे, विश्वकरण जयन तथा देवीप्रसाद बराल र हनुभएको छ भने मन्त्रालयका लेखा उपसचिव सदस्यसचिव रहेका छन् ।

उक्त समितिलाई सात दिनभित्रमा प्रतिवेदन पेश गर्न निर्देशन दिइएको छ । पशुपति मैत्री धर्मशालालाई होटेलका रूपमा सञ्चालन गरिएको भन्ने आरोप लागेपछि त्यसको सत्य तथ्य छानबिनका लागि उक्त समिति गठन गरिएको पशुपति क्षेत्र विकास कोषका कार्यकारी निर्देशक डा.घनश्याम खतिवडाले जानकारी दिए ।

उक्त धर्मशालालाई पशुपति क्षेत्र विकास कोषले होटेल आनन्द प्रालि (बतास समूह) लाई भाडामा दिएको थियो । उक्त समूहले पशुपति मैत्री धर्मशालालाई होटलका रूपमा सञ्चालन गरेको तथा तीर्थालु एवं धार्मिक पर्यटकसँग मनपरी भाडा लिने गरेको आरोप लागेको छ ।

धर्मशालाका विषयमा छानबिनका लागि युवा संघ नेपालको टोलीले पनि मन्त्री आलेलाई शुक्रबार ज्ञापनपत्र दिएको छ । 'मित्र राष्ट्र भारतले पशुपति दर्शनमा आउने तीर्थालु तथा धार्मिक पर्यटकको सुविधाका लागि निर्माण गरेको धर्मशाला व्यावसायिक प्रयोजनका लागि भाडामा दिनु लज्जास्पद विषय हो' उक्त विज्ञप्तिमा उल्लेख छ ।



ज्ञापनपत्र ग्रहण गर्दै मन्त्री आलेले नेपाल सरकारको मिचिएका जमिनदेखि अधिग्रहण गरिएका सम्पूर्ण संरचना सबै फिर्ता गरिने आश्वासन दिए ।

# सिडिओ र प्रहरी प्रमुखलाई जिल्ला नछाड्न सर्कुलर

**काठमाडौं/मस–**गृहमन्त्रालयले प्रमुख जिल्ला अधिकारी र जिल्लाका प्रहरी प्रमुखलाई एकैसाथ जिल्ला नछाड्न सर्कुलर जारी गरेको छ । गृहमन्त्री बालकृष्ण खाँणले जिल्लाको शान्ति सुरक्षालाई मध्यनजर गरी एकैचोटी जिल्ला नछाड्न सर्कुलर जारी गरिएको जानकारी दिएका हुन् ।

गृहमन्त्रालयमा शुक्रबार नेपाल निजामती कर्मचारी युनियनको आठौं विभागीय अधिवेशनको उद्घाटन समारोहमा उनले उक्त कुराको जानकारी दिएका हुन् ।

उनले गृहमन्त्रालय अरु मन्त्रालय जस्तो नभइ चौविसै घण्टा सेवा दिनुपर्ने विशिष्ट खालको रहेको जानकारी दिँदै असहज अवस्थामा पनि दिनरात नभनी काम गर्ने कर्मचारीप्रति सम्मान प्रकट गरे । राज्य प्रणाली सञ्चालनको मूल आधारशिला भनेको राष्ट्रसेवक कर्मचारी रहेको र जुनसुकै परिस्थितिको सामना गर्न तयार हुनुपर्ने सुझाव उनको सुझाव थियो । उनले भने, 'नयाँ चुनौती र दायित्व आउन सक्छन्, सामना गर्न कर्मचारी तयार हुनुपर्छ ।'

कर्मचारीले जनता आउँदा सेवा राम्रो दिन सक्नुपर्नेमा जोड दिँदै गृहमन्त्री खाँणले अहिले दुई घण्टा लाग्दै आएको कामलाई डेढ घण्टा र छ घण्टा लाग्दै आएको कामलाई पाँच घण्टामा सम्पन्न गरे पनि सेवाग्राहीमा ठूलो राहत हुनेतर्फ ध्यानाकर्षण गराए । उनले मन्त्रालय र मातहतका कार्यालयमा कोही पनि हाकिम कर्मचारी नभइ सबै एकै परिवारका सदस्य रहेको पनि बताए ।


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति २०७८/०९/२४

यस कम्पनीको मिति २०७५/१२/२९ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **पेप अप डान्स ईन्क प्रा.लि. (प्रा.लि. नं. १११२५९)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७५/०८/१३ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **पेप अप नेपाल प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

तेस्रो पटक प्रकाशित मिति २०७८/०९/२४

यस कम्पनीको मिति २०७८/०९/०७ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **गौतम बुद्ध टेलिकम प्रा.लि. (प्रा.लि. नं. १४१६०५)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०९/१२ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **गौतम बुद्ध इन्फ्रा प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६५/१०/२२ मा दर्ता भएको **प्रा.लि. नं. ६०१३५** को **सिद्धिविनायक विजनेश प्रा.लि.** को मिति २०७८/०९/२३ मा सम्पन्न एकल शेयरधनीको विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ ।

**लिक्विडेटर: शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७,**
**ठेगाना : बबरमहल, काठमाडौं, फोन नं. ९८४१३४०४०३**
**ईमेल :** rokayasherbahadur723@gmail.com

## अधिकृत वारिसनामा बदर सम्बन्धी सूचना

म बहादुरजंङ्ग राणाको नाति मेज ड्याजलजंङ्ग राणाको छोरा काठमाण्डौ जिल्ला का.म.न.पा.वडा नं.२ बस्ने बर्ष ८२ को मनोहरजंङ्ग राणा (ना.प्र.प.नं.१२३८/०३७/३८ जारी मिति २०३७।१२।३ जि.प्र.का. भक्तपुर) ले कालुको नाति राम कुमार गिरीको छोरा काठमाण्डौ जिल्ला, रामकोट गा.बि.स. वडा नं.४ को हाल काठमाण्डौ जिल्ला नार्गाजुन नगरपालिका वडा नं.७ बस्ने बर्ष ४० को रजिन कुमार गिरी (ना.प्र.प.नं.१०५८१-५३१७३ जारी मिति २०५५।१२।२१ जि.प्र.का. काठमाण्डौ) लाई तत्कालीन मुलुकी ऐन अ.बं. ७१(क) (ख) नं. बमोजिम अधिकृत वारेस काठमाण्डौ जिल्ला अदालतका माननीय जिल्ला न्यायाधीश श्री पुरुषोत्तम प्रसाद ढकालबाट मिति २०७२।१०।२४ मा प्रमाणित गराई दिएकोमा उक्त अधिकृत वारेसनामामा उल्लेखित कार्य म आफैले गर्ने भएको हुँदा उक्त अधिकृत वारेसनामा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५५ को उपदफा १ को (ग) अनुरुप बदर गरिएको व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ ।

## बोलपत्रको सूचना सच्चाईएको बारे ।

यस **श्री झिर्पू माध्यामिक विद्यालय** भोटेकोशी गाउँपालिका-०४, सिन्धुपाल्चोक को मिति २०७८/०९/२३ गते सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइट www.bolpatra.gov.np तथा मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाको पृष्ठ ९ मा प्रकाशित बोलपत्र आह्वानको **सूचना नं./बोलपत्र नं.** JHIRPU/WORK/NCB/2/2078–79 सम्बन्धी सूचनामा **न्युनतम बोलपत्र रकम (मु.अ. कर सहित)** रु. १९,९०,०००.०० हुनुपर्नेमा अन्यथा भएकोले सच्चाईएको व्यहोरा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि अनुरोध छ ।

## KUWAIT मा रोजगार | कम्पनी : MAMA'S CHICKEN RESTAURANT CO. शहर: Kuwait

पूर्व स्वीकृत मिति: २०७८/०९/२३ चलानी नं.: ६०१७२३५१ L.T. No.: 255845

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Helper | 6 | 0 | स. काममा दक्ष | 120 | ४७,१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ माघ १ गते (15 January 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

**MITHILA INTERNATIONAL SERVICE PVT. LTD.**
P.O.Box No.: 11016, EPC 174, Tilganga-9, (Near Tilganga Hospital), Gaushala, Kathmandu, Nepal
Tel: 9819800509, 9803055121, 9851024839
E-mail: anjulayadav@hotmail.com, info@mithilagroup.com, Url: www.mithilaintlgroup.com
श्रम इजाजत पत्र नं.: १०२७/०६८/०६९

## साउदीमा रोजगार | १. कम्पनी: WARQAH COMPANY FOR MAINTANCE AND CLEANING शहर: RIYADH

पूर्व स्वीकृत मिति: २०७८/०९/२३ चलानी नं.: ६०१७२३४२ L.T. No.: 255204

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 56 | 0 | स. काममा दक्ष | 1200 | ३९,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ माघ १ गते (15 January 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**रोयल इन्टरनेशनल ओभरसिज प्रा. लि.**
सामाखुसी-२९, काठमाडौं, श्रम ईजाजत नं. : १०३४/०७२/०७३
(रोयल वर्कफोर्स रिक्रुटिङ्ग कम्पनी प्रा.लि.)
Tel: 4385294, 4385295, 9843504205, Email: info.royal1034@Gmail.com

## SAUDI मा रोजगारको अवसर | २. कम्पनी : RIYADH ROADS CONTRACTING COMPANY LTD शहर : SAUDI

पूर्व स्वीकृत मिति: २०७८/०६/१८ चलानी नं.: ६०१६४७५१ LT. No.: 247498 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | pan road machinery driver | 16 | 0 | सम्बन्धित काममा दक्ष | 2000 | ६३,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver Roller | 5 | 0 | | 2000 | ६३,३६० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ माघ १ गते (15 January 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | रु. १०,०००/– कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Rays Recruitment Pvt. Ltd.**
Tokha Road, Mahalaxmi Marg-5 | Bashundhara, Kathmandu, Nepal
P.O. Box: 25046, Tel.: 01-4380343, 01-4388579
E-mail: raysrecruit@gmail.com | Website: www.rays-recruitment.com
Gov. Lic. No.: 787/065/066

## साउदीमा रोजगार | कम्पनी: JADDARAH RECRUITMENT COMPANY शहर: RIYADH

पुर्व स्वीकृत मिति: २०७८/०९/२३ चलानी नं.: ६०१७२३५० L.T. No.: 255476

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Labor | 60 | 0 | स. काममा दक्ष | 1000 | ३१,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ माघ १ गते (15 January 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | रु. १०,०००/– कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**AL NASEER OVERSEAS PVT. LTD.**
Gov. Lic No. 141/055/056
Pingalastha-9 Gaushala, Kathmandu, Nepal
G.P.O. Box: 8975, EPC No.: 1719, Tel.: 4489867, 4466772, 4466771, Fax: 4466771
Email: alnaseeroverseas@gmail.com, info@anoverseas.com, Web.: www.anoverseas.com

## HOSPITALITY TRAINING

Hilton Academy Pvt.Ltd. A great place for career

गर्नु या गराउनु परेमा होटल सम्बन्धी कुनै पनि Training या Working Video बनाउनु परेमा Hilton Academy लाई सम्झनु होला ।

कुनै पनि
Cook, Japanese Sushi, Bakery, Pastry, Pizza Burger Sandwich Maker, Kitchen Helper, Waiter, Bartender, Housekeeping Cleaner, Bell Boy, Room Attendant, Interview Preparation
विषयहरुलाई छोटो अवधीमा नै तालिम दिएर दक्ष बनाउने छौं ।




नोट: ६ महिने Professional Diploma in Hotel Management (PDHM) पढ्न चाहने विद्यार्थीहरुका लागि ३० % off मा ADMISSION OPEN गरिएको जानकारी गराउदछौं

सम्पर्क **Hilton Academy** of Hotel Management & Chulinary Arts
Basundhara Chowk, Near Ishanbal Hospital Kathmandu
01-4951313 H/P 9851195484

## कथा

# बैगुनीको पर्खाइ

**हामी छोरी मान्छेलाई सानैदेखि, "एक दिन तैँले यो घर छोडेर जानुपर्छ", भनेर सम्झाइएको हुन्छ । मानसिक तयारी गराइएको हुन्छ । त्यसलाई वाध्यताको रुपमा स्वीकार्नु बाहेक अरु विकल्प सामान्यता हुँदैन ।**



■ गोविन्दबहादुर कुँवर

म हाम्रा बा आमाका पाँच सन्तान मध्ये म दोस्री हुँ । मेरा एक दाइ, दुई बहिनी र एक भाइ छन् । उनीहरुको सुख दुःखको आ-आफ्नै रमाइलो संसार छ । मेरो पनि आफ्नै संसार छ, तर मेरो संसार अरुको जस्तो रंगीन छैन । अझ मेरो संसारमा त सेतो र कालो बाहेक अरु रंग नै छैन । सेतो भन्दा नि कालो रंग बढ्ता छ भन्दा पनि हुन्छ ।

हजुर आमाहरुको पालामा ८/१० वर्षमै बिहे हुन्थ्यो रे । आमाहरुका पालामा १२/१५ हुन्थ्यो रे । छोरी पर नसर्दै कन्यादान गरेमा धेरै पुण्य प्राप्त हुन्छ भन्ने अन्धविश्वास थियो रे । बाल विवाहमा लगाइएको प्रतिबन्ध र शैक्षिक चेतनाको फलस्वरुप आज भोलि बिहेबारी बीस वर्ष पारी भन्छन् । मेरो विवाह पनि बीस वर्षको उमेरमा भयो । मेरो मागी विवाह हो । मलाई मेरै फुपु दिदीले माग्नु भएको हो । मेरो फुपु र केटाको मामाघर एकै ठाउँमा रहेछ । आफ्नै दिदी माग्न आएपछि बाले सजिलै मलाई दिनु भएको थियो ।

दिदीले गरेको कुरामा बालाई विश्वास नहुने कुरा भएन । विवाह अघि हामीले एक अर्कालाई देख्न पाएनौ । हाम्रा अविभाकहरुले त्यो आवश्यक ठान्नु भएन । म बाआमाको आँगनबाट अन्मिएर एक दिन पराइको घर गएँ ।

उमेरले पखेटा लगाउँदै गए पछि मेरो मनमा घर संसारका अनेकन रंगीन सपनाहरु थिए । सानो चिटिक्क परेको घर थियो । कमलको फूलजस्ता नानी र बाबु थिए । शितल छहारीजस्ता सासु आमा र ससुरा बा थिए । पैसाको कमी भए पनि मनको धनी मायालु जीवन साथी थिए । पराइ घरमा मेरा दिनहरु बित्न थाले । सुरु सुरुमा अग्घोर अतेर लागे पनि पछि पछि बानी पर्दै गयो ।

हामी छोरी मान्छेलाई सानैदेखि, "एक दिन तैँले यो घर छोडेर जानुपर्छ", भनेर सम्झाइएको हुन्छ । मानसिक तयारी गराइएको हुन्छ । त्यसलाई वाध्यताको रुपमा स्वीकार्नु बाहेक अरु विकल्प सामान्यता हुँदैन ।

घर सजिलै थियो । छरछिमेकमा पनि मजस्तै मेरै उमेरका छोरी बुहारीहरु थिए । उनीहरुसँग मेलापात, घाँस दाउरा गर्दा रमाइलो हुन्थ्यो । हाँस खेल गरिन्थ्यो । वनपात जाँदा साथीहरु मिलेर सुख दुःखका, माया प्रीतिका गीत गाउँथ्यौं । हामी बुहारीहरु त माइतीलाई सम्झेर पनि गीत गाउँथ्यौं । सबैको भावना उस्तै हुन्थ्यो ।

उनको सानैदेखि रक्सी खाने बानी रहेछ । मैले कति सम्झाए र छुटाउने प्रयास गरेँ । म कति रुन्थेँ, रिसाउँथे, कहिले भोकै पनि सुत्थेँ उनको मन पग्लन्छ कि भनेर । तर, म सफल हुन सकिनँ । नानीदेखि लागेको बानी एक/दुई दिन छोडे पनि फेरि खाइहाल्थे । मेरो केही लागेन । मैले हार खाएँ र जेसुकै होस् भनेर कराउन छोडेँ । तैपनि जिन्दगी ठिकठिकै चलिरहेको थियो । मैले जिन्दगीसित सम्झौता गरेकी थिएँ । आफूले आफैँलाई चित्त बुझाएकी थिएँ ।

बिहे गरेको पाँच वर्षपछि हाम्री छोरी जन्मिन् । म आमा बनें । यतिन्जेल सन्तान नहुँदा कता-कता मलाई सियोले चस्स-चस्स घोचेजस्तो पनि हुन्थ्यो कहिलेकाँही । कतै सन्तान नहुने त हैनन् भनेर पीरजस्तो पनि लाग्थ्यो कहिले त । पतिका कारण सन्तान नभए पनि पत्नीलाई नै दोषी ठहऱ्याउँछ, हाम्रो समाज । मसँगै बिहे भएर आएका धेरैजसो दिदी बहिनी आमा बनिसकेका थिए ।

आमा हुनको खुसी र गौरव बोधले जस्तै प्रसव वेदना पनि सहन गर्ने शक्ति प्राप्त हुँदो रहेछ । यो मैले आफैँले अनुभव गरेँ । मैले प्राकृतिक रुपले नै छोरीलाई जन्म दिएँ । म सुत्केरी भएको केही दिन पछि, उनी बिरामी भए । उपचार गरे पछि केही ठीक हुन्थ्यो, फेरि उस्तै हुन्थ्यो । यो क्रम चली रह्यो ।

पछि स्थानीय अस्पतालको सिफारिसमा उनलाई काठमाडौंको शिक्षण अस्पतालमा लगियो । ससुराबाले लिएर जानुभयो । शिक्षण र टेकु अस्पतालमा गरी दुई महिना उनलाई अस्पतालमा भर्ना गरेर राखियो ।

निको भएर घर आएको केही समय पछि उनले भने, 'मेरो कारणले घरमा ऋण लाग्यो । म अब पैसा कमाउन जान्छु । छोरीको पनि भविष्य हेर्न पऱ्यो ।'



> "मलाई यति थाहा छ, म छोरीका लागि पनि बाँच्नु पर्छ । छोरीका लागि मैले संसारका सबै खाले चुनौतीहरुको सामना गर्नुपर्छ । म त्यसका लागि सधैँ तयार रहनेछु । म बा, आमा, फुपु, सासु, ससुरा कसैलाई पनि दोष दिन चाहन्न । उहाँहरु सबैले मेरा भलो नै चाहेको हो ।

मैले, नजानूस् यहीँ दुख गरेर बाख्रा पाठा पालेर, खेतीपाती गरेर भए पनि कमाउँला भनेँ । बुबा आमा पनि बृद्ध हुनहुन्छ । बालखा छोरी लिएर म कसरी बस्न सक्छु र ? भनेर धेरै सम्झाएँ । तर, उनले मेरा कुरा सुनेनन् । सासू ससूराले उनलाई टीका लगाएर छिटै आएस् भनेर आशिष दिँदै विदा दिनुभयो ।

उनी गएको केही हप्तापछि मलाई ससुराबाले भन्नु भयो, "बुहारी तिमी पनि एकफेर शिक्षण अस्पताल जाऊ । आफ्नो र नातिनीको स्वास्थ्य परीक्षण गरेर आऊ ।"

हामी भालिपल्टै साइत गरेर गयौँ । शिक्षण अस्पताल गएर स्वास्थ्य परीक्षण गरायौँ । दूर्भाग्य ! हामी आमा छोरी दुबैमा नै एचआइभी पोजिटिभ देखियो ।

मैले कथम् आफूलाई एचआइभी पोजिटिभ भएपनि छोरीलाई नहोस् भनेर कति पुकारेँ भगवानलाई ! तर, छोरीलाई पनि एचआइभी पोजिटिभ भएको सुने पछि मैले मानसिक सन्तुलन नै गुमाउन पुगेको थिएँ । मलाई मैले टेकेको जमिन नै भासिएको आभाष भएको थियो । मलाई आफ्नो भन्दा पनि छोरीको पीरले सतायो ।

मेरा सबै सपनाहरु काँचको सिसाजस्तै चकनाचुर भए । तर, छोरीका लागि भए पनि म बाँच्नु थियो । त्यो दिन सम्झँदा आज पनि मेरो मुटु भक्कानिएर आउँछ । उनी कमाउन भनेर हिँडेको पनि एक दशक बढी भैसकेको छ । यो अवधिमा न उनी आए, न उनको केही पत्तो खबर आयो । अब त उनी फर्केर आउलान् भन्ने आशा पनि लाग्न छोडिसकेको छ तर, आँखा साँझ परे पछि एक पटक तगेरा तिर नहेरी घरभित्र पस्न मान्दैनन् ।

उनी बिहे नहुँदै संक्रमित रहेछन् र सायद आफ्नो पोल खुल्ने डरले घरबाट भागेका रहेछन् । उनलाई मेरो र समाजको अगाडि मुख देखाउन पनि लाज लाग्यो होला । उनी सायद पश्चातापले पिल्सिएका थिए की !

